# नेपाल बैंक लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय, धर्मपथ काठमाडौं
## उम्मेदवारको विरोधको उजुरी उपर निर्णय

नेपाल बैंक लिमिटेडको मिति २०८१/१२/०६ मा हुने ६५औं बार्षिक साधारण सभाबाट सञ्चालक समितिमा सर्वसाधारण 'ख' समूहका शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालक पद ३ (तीन) को निर्वाचन प्रयोजनको लागि मिति २०८१/११/२६ मा प्रकाशित निर्वाचन कार्यक्रम अन्तर्गत मिति २०८१/११/२८ गते बिहान ११:०० बजेदेखि दिनको २:०० बजेसम्म उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने समय निर्धारण गरिएको र निर्धारण गरिएको समय भित्र ६ जनाको उम्मेदवारी दर्ता भई सोही बमोजिमको सूचना बैंकको सूचना पाटी र बैंकको वेवसाइटमा टाँस गरिएको ।

मिति २०८१/११/२६ मा प्रकाशित निर्वाचन कार्यक्रम अन्तर्गत मिति २०८१/११/२८ गते दिनको ३:०० बजे देखि ४:३० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिन सक्ने व्यवस्था रहेकोमा उम्मेदवारको विरोधमा उजुरी दिन सक्ने व्यवस्था बमोजिम निर्धारित समयमा उम्मेदवार श्री विवेक शमशेर ज.ब.रा. र उम्मेदवार श्री रमेश दुवाडीको विरोधमा उजुरी परेकोले निजहरुलाई मिति २०८१/१२/०१ गते बिहान ११:०० बजेदेखि दिनको १:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा आइपुग्ने गरी सम्बन्धित उम्मेदवारको लिखित प्रतिक्रिया प्रमाण सहित पेश गर्नुहुन सम्बन्धित उम्मेदवारहरूलाई सूचना मार्फत अनुरोध गरिएको ।

उम्मेदवारको विरोधमा परेका उजुरीहरूको संक्षिप्त व्यहोरा निम्न बमोजिम रहेको :

| क्र.सं. | विरोधमा उजुरी परेको उम्मेदवारको नाम | उजुरीको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | श्री विवेक शमशेर ज.ब.रा. | नेपाल बैंक लिमिटेडको सञ्चालकबाट हटेको कम्तीमा ६ महिना समय व्यतित नभएको अवस्थामा पनि उम्मेदवारी दर्ता भएको देखिएकोले नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट जारी ई.प्रा. निर्देशन नं.६ को दफा १९(१) उल्लंघन भएको हुँदा निजको उम्मेदवारी दर्ता मनोनयन खारेज हुनुपर्ने । |
| २. | श्री रमेश दुवाडी | नेपाल बैंकको सञ्चालकको निर्वाचनमा भाग लिनुभएको श्री रमेश दुवाडीको न्यूनतम योग्यता नपुग्ने भएकोले आवश्यक छानबिन हुनुपर्ने । |

उम्मेदवारहरू उपर परेको विरोध उपर लिखित प्रतिकृया प्रमाण सहित पेश गर्न निर्धारण गरिएको समयभित्र श्री विवेक शमशेर ज.ब.रा.बाट मात्र लिखित प्रतिक्रिया प्राप्त भएको र अर्का उम्मेदवार श्री रमेश दुवाडीको कुनै प्रतिक्रिया प्राप्त नभएको ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय

# निर्णय

नेपाल बैंक लिमिटेडको मिति २०८१/१२/०६ मा हुने ६५औं वार्षिक साधारण सभाबाट सञ्चालक समितिमा सर्वसाधारण 'ख' समूहका शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालक पद ३ (तीन) को निर्वाचन प्रयोजनको लागि मिति २०८१/११/२६ मा प्रकाशित निर्वाचन तालिका बमोजिम तोकिएको समयमा परेको विरोधको उजुरी र त्यस उपर एकजना उम्मेदवारबाट मात्र प्राप्त भएको लिखित प्रतिक्रिया हेरेर निर्णय दिनुपर्ने देखियो ।

सञ्चालक समितिमा सर्वसाधारण 'ख' समूहका शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालक पद ३ (तीन) को लागि उम्मेदवारी दिनुभएका श्री विवेक शमशेर ज.ब.रा. का सम्बन्धमा नेपाल बैंक लिमिटेडको सञ्चालकबाट हटेको कम्तीमा ६ महिना समय व्यतित नभएको अवस्थामा पनि उम्मेदवारी दर्ता भएको देखिएकोले नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट जारी ई.प्रा. निर्देशन नं. ६ को दफा १९(१) उल्लंघन भएको हुँदा निजको उम्मेदवारी दर्ता मनोनयन खारेज हुनुपर्ने भन्ने उजुरी र सो उपर निजको लिखित प्रतिक्रिया हेर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ परिच्छेद ४, दफा १५ मा सञ्चालकको नियमावलीमा उल्लेख भए बमोजिम चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुनसक्ने स्पष्ट उल्लेख भएकोले सोही आधारमा ने.रा.बैंकको निर्देशनलाई बुझ्नुपर्ने तथा कम्पनी ऐन, २०६३ र नेपाल बैंकको मिति २०७७/०९/२९ मा भएको साधारण सभाबाट पारित प्रबन्धपत्र तथा नियमावली जसको अन्तर्गत बैंकका सबै कार्यहरूको निर्धारण हुने परिच्छेद ४ अन्तर्गत २९ दफामा एक पटक सञ्चालक भइसकेको व्यक्ति पुनः सञ्चालकमा नियुक्त हुने पूर्ण व्यवस्था भएकोमा ने.रा.बैंकको परिपत्र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जसको आधारमा परिपत्र बनेको छ, त्यसलाई नै टेकेर निजको बैंकको ६५ औं वार्षिक साधारण सभाको निर्वाचनमा भाग लिन पाउनु र बैंकको साख राखी सो को कार्यान्वयन गर्न भन्ने उल्लेख भएको रहेछ ।

बैंकको ६५ औं बार्षिक साधारण सभाको निर्वाचनको लागि उम्मेदवारी दिनुभएका श्री विवेक शम्शेर ज.ब.रा. उपर भएको विरोधको आधार नै नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिका, २०८१ को निर्देशन नं. ६।२०.१ (साविक निर्देशिका २०८० को ६।१९.१) मा भएको व्यवस्था निजका हकमा लागु हुने हो वा होइन भन्ने नै भएकोले यससँग सम्बन्धित तथ्यगत अवस्थाको बारेमा समेत जानकारी लिई निर्णय गर्नुपर्ने देखिन आयो । बैंकबाट प्राप्त तथ्यगत जानकारी हेर्दा निजले बैंकको मिति २०७७/०९/२९ गते सम्पन्न ६१ औं वार्षिक साधारणसभाबाट सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी ४ बर्षको लागि सञ्चालक पदमा निर्वाचित हुनू भई निजको पदावधि मिति २०८१/०९/२८ गते समाप्त भएको र सो को पुष्टि बैंकले बैंक तथा वित्तीय संस्था, कम्पनी तथा धितोपत्र सम्बन्धी कानूनी व्यवस्था अन्तर्गत सम्बन्धित नियामक निकायमा निजको पदावधि समाप्त भएको जानकारी समेत गराइसकेको बैकको कागजातबाट देखिन्छ, यद्यपी निजको प्रतिक्रियामा यस सम्बन्धमा केही पनि उल्लेख भएको देखिँदैन ।

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिका २०८१ को निर्देशन नं. ६।२०.१ (साविक निर्देशिका २०८० को ६।१९.१) मा " कुनै एउटा इजाजतपत्रप्राप्त संस्थामा सञ्चालक रहेको व्यक्ति प्रचलित व्यवस्थाको अधिनमा रही कार्यकाल थप भएको अवस्थामा बाहेक सञ्चालक पदबाट जुनसुकै कारणबाट हटेमा कम्तीमा ६ महिनाको समय व्यतित नभई यस बैंकबाट इजाजतपत्र प्राप्त संस्थामा सञ्चालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन ।" भन्ने व्यवस्था भएको देखिन्छ। ने.रा.बैंकबाट जारी भएको एकीकृत निर्देशिकाको उक्त व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १५ तथा बैंकको नियमावलीको नियम २९ मा भएको सञ्चालकको पदावधि बढीमा ४ बर्षसम्मको हुने व्यवस्थाले एक पटक सञ्चालक भइसकेको व्यक्ति पुनः

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय

सञ्चालकमा नियुक्त हुनसक्ने भन्ने व्यवस्थाको रोहमा हेर्दा बैंक तथा वित्तीय संस्थामा एक पटक सञ्चालक भइसकेको व्यक्ति सञ्चालकको रूपमा लगातार अर्को कार्यकालको लागि निर्वाचित वा नियुक्त हुन कानूनन कुनै व्यवधान नभएको भए पनि निजको कार्यकाल समाप्त भई केही समय समेत व्यतित भइसकेको अवस्थामा उम्मेदवार हुने व्यक्तिका हकमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १५ (१) र नियमावलीको नियम २९ को व्यवस्था आकर्षित हुने नभई त्यस्तो व्यक्तिले नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिका, २०८१ को निर्देशिकामा भएको "कुनै एउटा इजाजतपत्रप्राप्त संस्थामा सञ्चालक रहेको व्यक्ति प्रचलित व्यवस्थाको अधिनमा रही कार्यकाल थप भएको अवस्थामा बाहेक सञ्चालक पदबाट जुनसुकै कारणबाट हटेमा कम्तीमा ६ महिनाको समय व्यतित नभई यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थामा सञ्चालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन ।" भन्ने व्यवस्था बमोजिम नै ६ महिनाको अवधि नाघेपछि सञ्चालकमा पुनः निर्वाचित वा नियुक्त हुनको लागि योग्य मान्नु पर्ने भन्ने देखियो ।

अतः बैंकको निर्वाचन निर्देशिका, २०७१ (मिति २०८१/११/१८ सम्मको संशोधन) को निदृेशन नं. ८ मा उम्मेदवारको योग्यताका बारेमा उल्लेख भएको, निर्देशिकाको अनुसूची ३ मा मनोनयनपत्रमा उल्लेख भएको व्यहोरा, बैंकको नियमावलीको नियम २९ मा भएका व्यवस्थाहरूलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १५, दफा १२९(२) तथा नेपाल राष्ट्र बैंक ऐन,२०५८ को दफा ७९ मा भएको व्यवस्थाको रोहमा माथि उल्लेखित तथ्यगत अवस्था हेर्दा निजको पदावधि मिति २०८१।०९।२८ मा समाप्त भइसकेपछि मात्र बैंकले मिति २०८१/११/१० गते वार्षिक साधारण सभाको सूचना प्रकाशित गरेकोले निजको पदावधि समाप्त भएको लगभग एक महिना भन्दा पनि बढी अवधिपछिको बैंकको विद्यमान सञ्चालक समितिले निर्णय गरी बैंकको ६५ औं साधारण सभा बस्ने सूचना प्रकाशित भएको देखिएको अवस्थामा निजको पदावधिले निरन्तरता पाइरहेको भन्ने मान्न समेत मिल्ने नदेखिंदा निजले आफ्नो लिखित प्रतिक्रियामा उल्लेख गरेका कानूनी व्यवस्थाका आधारहरू तथ्यगत रूपमा मेल समेत खाएको नदेखिएको अवस्थामा निज बैंकको सञ्चालक पदमा आगामी २०८१/१२/०६ मा वार्षिक साधारण सभामा हुने निर्वाचनमा उम्मेदवारको रूपमा भाग लिन पाउनुपर्ने जिकीरसँग सहमत हुन नसकिएको हुँदा निजले सञ्चालक पदको लागि दिएको उम्मेदवारी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १५, दफा १२९(२) तथा नेपाल राष्ट्र बैंक ऐन,२०५८ को दफा ७९ तथा नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिकाको उल्लेखित व्यवस्था समेतलाई मध्यनजर गरी बैंकको निर्वाचन निर्देशिका २०७१ (मिति २०८१/११/१८ सम्मको संशोधन) को निर्देशन नं. १२ (ख) को अधिनमा रही श्री विवेक शमशेर ज.ब.रा.को उम्मेदवारी रद्ध भएको निर्णय गरिएको छ ।

त्यसैगरी, अर्का उम्मेदवार श्री रमेश दुवाडी उपर परेको विरोधको उजुरी उपर निजको कुनै प्रतिक्रिया प्राप्त नभएको तथा निजले उम्मेदवारी दर्ताका क्रममा पेश गरेका कागजातहरू बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १६ तथा नेपाल राष्ट्र बैंकबाट जारी बैंक तथा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली, २०७४ बमोजिम समेत भएको नपाइएको हुँदा निजको उम्मेदवारी बैंकको निर्वाचन निर्देशिका २०७१ (मिति २०८१/११/१८ सम्मको संशोधन) को निर्देशन नं. १२ (ख) को अधिनमा रही श्री रमेश दुवाडीको उम्मेदवारी रद्ध भएको निर्णय गरिएको छ ।

**मिति : २०८१/१२/०१**

विद्याकान्त अधिकारी

**निर्वाचन अधिकृत**

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय